आज मिति २०८१/०१/३० गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं का.वा. वडा अध्यक्ष | श्री राजु खड्का |
| १२ | | सदस्य एवं का.वा. वडा अध्यक्ष | श्री मन बहादुर थापा |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | Tuka | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | Shanti | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | | | श्री डिल्ली प्र शर्मा |
| २ | | | श्री भिमसेन पन्त |
| ३ | | | श्री गितादेवी ढकाल शर्मा |
| ४ | Laxmi | | श्री लक्ष्मी श्रेष्ठ |

**प्रस्तावहरु**

१. गत बैठकको समिक्षा ।

२. विद्यालय स्थगन तथा डाउन साईज सम्वन्धि निर्णयको समिक्षा सम्वन्धमा ।

३. हाम्रो दुई बर्ष कार्यक्रम सम्वन्धमा ।

४. बसपार्क सञ्चालन सम्वन्धमा ।

५. शिलवन्दी दरभाउ पत्रको सुचना प्रकाशन गर्ने सम्वन्धमा ।

६. आगामी नगरसभाको कार्यतालिका स्वीकृत गर्ने सम्वन्धमा ।

७. जग्गाको स्वामित्व सम्वन्धमा ।

८ २०६४ अगाडि नियुक्त भएका करार कर्मचारीको निवेदन सम्वन्धमा ।

९. अनुगमन समितिको प्रतिवेदन सम्वन्धमा ।

१०. योजना फरफारक सम्वन्धमा ।

११. आर्थिक सहयोग सम्वन्धमा ।

१२. विविध सम्वन्धमा ।

**निणर्यहरु**

**निणर्य नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्ममा भए गरेका काम कार्यवाहिको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निणर्य नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा बागलुङ नगरको शिक्षा क्षेत्रको समग्र विकासको लागि १३ औ नगर परिषदको विद्यालय स्थगन, तह मिलान र वैज्ञानिक नक्साङ्कन सम्वन्धि निर्णय, नगर शिक्षा समितिको सुझाव र नगर कार्यपालिकाको मिति २०८१/०१/०३ को पूर्ण बैठकको निर्णय बमोजिम शैक्षिक सत्र २०८१ देखि नै लागु हुने गरी केही सामुदायिक विद्यालयहरुलाई हाललाई स्थगन र तह मिलान गरिएको सन्दर्भमा भएको निर्णय कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो । विद्यालय जस्तो पवित्र संस्थालाई ज्ञान र संस्कारको मन्दीरको रुपमा विकास गर्नको लागि अमुल्य सुभाव दिने, सहयोग गर्ने सम्पूर्ण शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति र आम अभिभावकहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

**निणर्य नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा बागलुङ नगरपालिकामा वर्तमान जनप्रतिनिधीहरु पदवहाली भएको मिति २०८१ जेठ २ गते दुई बर्ष पुग्ने हुँदा उक्त दिन देहाय बमोजिमको कार्यक्रम गरी हाम्रो दुई बर्ष कार्यक्रमलाई उल्लासमय वातावरणमा सम्पन्न गर्ने निर्णय गरियो ।

(क) कार्यक्रमको प्रमुख अतिथिको रुपमा वर्तमान जनप्रतिनिधीहरु पदवहाली भएको दिन अर्थात २०७९ जेठ ६ गते जन्मनु भएकी बा.न.पा. वडा नं. ५ निवासी पिता नारायण शर्मा र माता याम कुमारी पौडेलको छोरी आयाना रेग्मी लाई उक्त कार्यक्रमको प्रमुख अतिथिको रुपमा आमन्त्रण गर्ने ।

(ख) कार्यक्रममा बागलुङ जिल्लाबाट प्रतिनिधी सभा, राष्ट्रिय सभा र प्रदेश सभामा प्रतिनिधीत्व गर्नुहुने वर्तमान माननीय एवं पूर्व सदस्यज्युहरु, जिल्ला स्थित सम्पूर्ण कार्यालय प्रमुख ज्युहरु, जिल्ला स्थित सम्पूर्ण पालिका एवं सिमाना जोडिएका छिमेकी जिल्लाका पालिका प्रमुख उप प्रमुख, प्रशासकीय अधिकृत, जिल्ला स्थित सम्पूर्ण राजनैतिक दल, विद्यालय, सहकारी, संघ संस्था तथा आम नगरवासीमा निमन्त्रणाको सुचना प्रवाह गर्ने ।

(ग) कार्यक्रमलाई अनौपचारीक रुपमा सम्पन्न गर्ने, देशभक्ती गितमा नृत्य प्रस्तुत गर्ने, पञ्चेवाजा, भिमे बाजा लगायतका कार्यक्रम गर्ने, राष्ट्रिय झण्डाको झण्डोत्तोलन र राष्ट्रिय झण्डाको सम्मानको लागि सलामी दिने, बुद्धको मुर्ति अनावरण लगायतका कार्यक्रम समपन्न गर्ने ।

(घ) साविकमा विरेन्द्र ऐश्वर्य पार्कको रुपमा चिनिने उक्त पार्कलाई ऐतिहासीक पार्क (Historical Park) नामाकरण गर्ने ।

**निणर्य नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बागलुङ नगरपालिकामा वडा नं. ४ स्थित दावगरामा रहेको बागलुङ बसपार्क संचालनको लागि देहाय बमोजिमका कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो ।

(क) बसपार्क संचालनको लागि बसपार्क जाने सडक ग्राभेल लगाएतका न्यूनतम आवश्यक पूर्वाधार तयार गरी जेष्ठ महिना भित्र बसपार्क उद्घाटन गर्ने गरी आवश्यक तयारी गर्ने ।

(ख) दावगरा बसपार्क निर्माणको लागि स्थानीय जग्गादाताहरुले उपलब्ध गराएको जग्गा मध्ये जग्गा व्यवस्थापन तथा विकास समिति मातहत रहेको जग्गा सरोकारवालाहरुसंग समन्वय गरी फिर्ताको लागि नक्सा निर्माण गरी जग्गा फिर्ताको प्रकृया अगाडि बढाउन जग्गा व्यवस्थापन तथा विकास समितिलाई अनुरोध गर्ने ।

**निणर्य नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा राजश्व परामर्श समितिको राय सिफारिसको आधारमा आ.व. ०८१/०८२ को लागि देहाय बमोजिमको शिर्षकमा प्रचलित कानुन अनुसार देहाय बमोजिमको न्यूनतम अंक कायम गरी १५ दिने शिलवन्दी दरभाउ पत्रको सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण (शिर्षक) | न्यूनतम अंक | कैफियत |
|---|---|---|---|
| १ | विज्ञापन कर । | ५,५०,०००।०० | |

| | | | |
|---|---|---|---|
| २ | जडिबुटी, कबाडी निकासी कर । | १८,००,०००।०० | |
| ३ | मालढुंगा ल्याण्डफिल साईडको कवाडी सामान उत्खनन तथा विक्री । | ७,७०,०००।०० | |
| ४ | चिप्लेटी बसपार्क तथा उपल्लाचौर बसपार्क क्षेत्रमा शुल्क तथा पार्किङ शुल्क सम्वन्धी ठेक्का । | ११,००,०००।०० | |
| ५ | कफि शप | १,५०,०००।०० | |

**निणर्य नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. ०८१/०८२ को बार्षिक बजेट, नीति तथा कार्यक्रम स्वीकृत गर्नको लागि आगामी नगरसभा सम्म सम्पन्न गर्नु पर्ने कार्यक्रमको तपशिल बमोजिमको तालिका स्वीकृत गर्ने निर्णय गरियो ।

**तपलिश**

| सि.नं. | क्रियाकलाप | समायवधी | कैफियत |
|---|---|---|---|
| 1 | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण (संशोधित)<br>(क) स्थानीय राजस्व परामर्श समितिको बैठक ।<br>(ख) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक । | २०८१ बैशाख ३१ गते भित्र | अनुमानित आय, बजेट सीमा निर्धारण, वडागत र विषयगत बजेट सिलिङ निर्धारण, आयोजना प्राथमिकीकरणका आधार तयार गर्ने । |
| 2 | गैर सरकारी संस्था योजना तथा बजेट सम्वन्धमा छलफल गर्ने । | २०८१ जेष्ठ ५ गते भित्र । | |
| 3 | बस्ती/टोलस्तरमा आयोजना छनौट गरी वडा समितिमा पेश गर्ने । | २०८१ जेष्ठ १५ गते भित्र । | |
| 4 | वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण । | २०८१ जेष्ठ २० गते भित्र । | |
| 5 | विषयगत समितिमा छलफल तथा प्राथमिकीकरण । | २०८१ जेष्ठ २५ गते भित्र । | बिषयगत क्षेत्रका सरोकारवाला संग छलफल । |
| 6 | बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा । | २०८१ जेष्ठ ३२ गते भित्र । | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकमा छलफल |
| 7 | कार्यपालिकाबाट बजेट, नीति तथा कार्यक्रम स्वीकृत । | २०८१ असार ७ गते भित्र । | |
| 8 | बजेट, नीति तथा कार्यक्रम नगरसभामा पेश । | २०८१ असार १० गते भित्र । | |
| 9 | बजेट, नीति तथा कार्यक्रम नगरसभाबाट स्वीकृत । | २०८१ असार मसान्त भित्र । | |

**निणर्य नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा हाल नेपाल सरकारको स्वामित्वमा रहेको र यस नगरपालिकाका भवन लगायत संरचना निर्माण भएका वा निर्माणको प्रकृयामा रहेका देहाय बमोजिमका जग्गाहरुलाई बागलुङ नगरपालिकाको स्वामित्वमा ल्याउनको लागि सम्वन्धित निकायहरुमा आवश्यक पहल गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) बा.न.पा. वडा नं. ३, रात्माटामा रहेको बागलुङ नगरपालिकाको भवन रहेको जग्गा ।

(ख) बा.न.पा. वडा नं. १ स्थित, बाङ्गेचौर खेलमैदान रहेको जग्गा ।

(ग) ल्याण्डफिल साईट देखी दक्षिण पश्चिम तर्फ काँठेखोला किनारमा रहेको जग्गा ।

(घ) बा.न.पा. वडा नं. १ स्थित, शहिद स्मृति पार्कको जग्गा ।

(ङ) बा.न.पा. ५, स्थित मालिका माविको भवन रहेको जग्गा ।

**निणर्य नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका कार्यालयमा २०६४ अगाडि देखी अस्थायी करारमा कार्यरत कर्मचारीहरुले सर्वोच्च अदालतको फैसला समेतलाई आधार मानी स्थायी गरी पाँउ भन्ने व्यहोराको प्राप्त निवेदन सम्वन्धमा आवश्यक विधायन समितिबाट अध्ययन गरी कार्यविधि निर्माण गरी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा बागलुङ नगरपालिका योजना अनुगमन समितिले विभिन्न योजनाको अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन माथि छलफल सम्पन्न भयो । उक्त प्रतिवेदनमा उल्लेख भएका सुझावहरु कार्यान्वयनको लागि सम्वन्धित पक्षलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा चालु आ.व.को स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत योजना सम्पन्न गरी आवश्यक कागजपत्र सहित प्रकृया पुरा गरी फरफारकका लागि यस कार्यालयमा पेश भएका योजना तथा कार्यक्रमहरुलाई फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकामा देहायका व्यक्तिहरुले आर्थिक सहायताको लागि दिएको निवेदन सम्बन्धमा आवश्यक छलफल भै देहाय बमोजिम आर्थिक सहायता दिने निर्णय गरियो ।

| सि.नं | निवेदकको नामथर ठेगाना | प्रयोजन | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | दधिराम पाध्या, बा.न.पा. वडा नं. १२ | आगलागीको कारण २ वटा गोठ, धनसार जल्नुका साथै पशु चौपाया समेत क्षती भएको । | २५०००। |
| २. | यदुनाथ पाध्या, बा.न.पा. वडा नं. १२ | घर जलेर नष्ट भएको तथा पशु चौपायामा समेत क्षती भएको । | ५००००। |
| ३. | नर बहादुर थापा, बा.न.पा. वडा नं. ९ | बर्षाको कारण शौचालय भत्केको घर जोखिम भएको । | २००००। |
| ४. | नेपाल भाषा मंका खल | फागु पर्व | २५०००। |
| ५. | जनता प्राथमिक विद्यालय बा.न.पा. १३ | सरस्वती मन्दीर निर्माण | ३५०००। |
| ६. | नेपाल डेमोक्रेटिक लयर्स एशोसिएसन | गण्डकी प्रदेश स्तरिय भेला | ५००००। |
| ७. | सिंह श्रेष्ठ पसःखलः समुदाय | संकार संकृति जगेर्ना | ७५०००। |
| ८. | शिवालय मन्दिर व्यवस्थापन तथा संरक्षण समिति | पुर्णेश्वर महादेव मन्दीरको लागि फर्निचर व्यवस्थापन | १०००००। |
| ९. | चैत्राष्टमी मेला मुल आयोजक समिति | चैत्राष्टमी मेला महोत्सव | २०००००। |